CHANDRAGIRI HILLS LIMITED

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

आर्थिक वर्ष २०८३/०८४ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित
अनुसूची-१४

चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०८३/०८४ को पहिलो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

१. वित्तीय विवरण :-

कम्पनीको हिसाब किताबको लेखाकन अनुसार आर्थिक वर्ष २०८३/०८४ (२०२६) को २०८३ श्रावण १ देखि २०८३ असोज ३१ - जुलाई १७, २०२६ देखि अक्टोबर १७, २०२६ सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

(क) आर्थिक वर्ष २०८३/८४ को पहिलो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :-

आर्थिक वर्ष २०८३/८४ को कम्पनीको पहिलो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरण अनुसूचि १ मा प्रस्तुत गरिएको छ । यस पहिलो त्रैमासिक समीक्षा अवधिसम्ममा सम्बन्धित पक्षहरू बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) कम्पनीको पहिलो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणका प्रमुख वित्तीय अनुपात :-

विवरण	यस आ.व.को पहिलो त्रैमासिक अवधि (असोज ३१, २०८३ को अन्त्यमा)	अघिल्लो त्रैमासिक अवधि (आषाढ ३२, २०८३ को अन्त्यमा)	गत आ.व. को पहिलो त्रैमासिक अवधि (असोज ३१ २०८२ को अन्त्यमा)
ऋण पूँजीको अनुपात	१.१३	१.१५	१.१२
शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल	०.०२	०.०५	(०.०१)
प्रति शेयर आम्दानी (रु)	१.७६	५.१२	(०.८१)
प्रति शेयर नेटवर्थ (रु)	१०७.४१	१०५.९०	१०६.८०
प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु)	२५७.०४	२५६.३१	२४४.३३
प्रति शेयर बजार मूल्य (रु १००/-प्रति शेयर) (रु)	७३९.९०	७५५.२०	८२३.८०
प्राईस अर्निङ रेसियो (टाईम्स)	४२०.९६	१४७.४७	(१०१६.५८)
चाल् अनुपात	३.३४	३.२७	५.८८

२. व्यवस्थापकीय विश्लेषण :-

(क) आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधिसम्म कम्पनीको आर्थिक गतिविधिमा क्रमिक सुधार हुँदै आएको छ । गत आर्थिक वर्षको सोही अवधिसँग तुलना गर्दा कम्पनीको कुल आयमा करिब ३८ प्रतिशतले वृद्धि भएको छ ।

(ख) समीक्षा अवधिमा कम्पनीको आर्थिक गतिविधिमा क्रमिक सुधार भई बिगतमा जेनजी आन्दोलनका कारण भएको आर्थिक क्षतिको केही हदसम्म पूर्ति हुनुका साथै समग्र आर्थिक सूचकहरूमा सुधार आएको छ । तथापि, विश्वव्यापी भूराजनीतिक परिस्थितिको प्रभाव कायम रहनुका साथै मिति २०८३ भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बिनाशकारी बाढीका कारण सडक तथा आवागमनका मार्गहरू अवरुद्ध हुँदा आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा कमी आएको छ । प्रतिवेदन तयार पार्दासम्म उक्त परिस्थितिको प्रभाव क्रमशः सुधार हुदै आएकाले कम्पनीको व्यावसायिक गतिविधिमा आगामी दिनमा सुधार हुने अपेक्षा गरिएको छ ।

(ग) कम्पनीको व्यवस्थापनले विद्यमान परिस्थितिअनुरूप विभिन्न प्रचारप्रसार तथा बजार प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । विशेषगरी ठूलो जनसंख्या भएको छिमेकी मुलुक भारतसँग सीमा जोडिएका क्षेत्रका बजारहरूमा सम्पर्क तथा समन्वय बिस्तार गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । यस्ता गतिविधिबाट कम्पनीको सेवा तथा सुविधाको प्रचारप्रसार, पर्यटक आगमन वृद्धि र व्यावसायिक कारोबार विस्तारमा सकारात्मक योगदान पुगिरहेको छ ।

(घ) यस समिक्षा अवधिको अन्त्यसम्म केवलकार सेवा उपयोग गर्ने पर्यटकहरूको संख्या क्रमिक रुपमा वृद्धि हुदै गएको छ र यसका साथै रिसोर्टमा बस्न आउने पाहुनाहरूको संख्यामा क्रमशः सुधार हुदै आएकाले आगमी दिनहरूमा थप सुधार हुने देखिएको छ ।

३. कानुनी कारबाही सम्बन्धी विवरण :-

(क) आर्थिक वर्ष २०८३/८४ को पहिलो त्रैमासिक अवधिसम्ममा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०८३/८४ को पहिलो त्रैमासिक अवधिसम्ममा कम्पनीको सस्थापक वा सचालक वा सस्थापक वा सचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०८३/८४ को पहिलो त्रैमासिक अवधिसम्ममा कम्पनीलाई कुनै सस्थापक वा सचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :-

(क) शेयरको कारोबारमा भई रहने उतार चढाव खुल्ला बजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८३/८४ को पहिलो त्रैमासिक अवधिसम्ममा प्रति शेयर रु १००/- का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छ :-

पहिलो त्रैमासिक अवधी २०८३ असोज ३१ तदनुसार अक्टोबर १७, २०२६	शेयर कारोबार-मुल्य (रु)			कुल शेयरको कारोबार-दिन र संख्या		
	अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	कारोबार संख्या	कुल कारोबार शेयर संख्या
	७९८.००	७३८.१०	७३९.९०	६१	४,३१६	७५९,३२७

५. समस्या तथा चुनौती :-

(क) समस्या तथा चुनौतीहरू :

(अ) आन्तरिक

१ यस कम्पनीमा कुनै आन्तरिक समस्या नरहेको ।

(आ) बाह्य

१ अन्तर्राष्ट्रिय स्तरमा अझैसम्म भईरहेको Iran-Israel-United States को युद्ध जस्ता विश्वव्यापी भूराजनीतिक घटनाक्रमका कारण विश्वव्यापी रुपमा उत्पन्न भएको अस्थिरता, मूल्य वृद्धि लगायतका कारण समग्र पर्यटन क्षेत्रमा हुने प्रभाव । यसका कारण आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनमा कमी आई कम्पनीको व्यवसायमा प्रत्यक्ष असर पर्न जाँदा कारोबारमा पर्ने असर ।

२ समय समयमा आउने प्राकृतिक विपत्तीका कारण व्यवसायमा पर्ने असर ।

३ पर्यटकीय पूर्वाधारको विकासमा सरकारको पछिल्लो न्यून लगानी र निर्माणधिन काममा भएको सुस्तताका कारण आन्तरिक तथा बाह्य पर्यटकको गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष पार्ने प्रभाव ।

४ पर्यटन सम्बद्ध सरकारी र निजी क्षेत्रका निकायहरूद्वारा आन्तरिक तथा बाह्य पर्यटन बजार प्रवर्धनका लागि यथेष्ट गतिविधिहरू हुन नसक्नु ।

५ बेलाबखतमा विदेशी विनिमय दरमा आउने उतार चढावले पर्यटन खर्च तथा लगानीमा असर पर्ने हुँदा वित्तिय अवस्थामा देखिने परिवर्तन ।

(ख) रणनीति :

(क) जेनजी आन्दोलनका कारण क्षति पुगेका सरचनाहरूको पुर्ननिर्माण सम्पन्न भई सम्पूर्ण सेवाहरू पुनःसञ्चालनमा आएपछि कम्पनीको आर्थिक गतिविधिमा क्रमिक सुधार हुँदै आएको थियो । तथापि, मिति २०८३ भदौ १० गते आएको बिनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ लगायतका क्षेत्रमा ठूलो क्षति पुग्नुका साथै पृथ्वी राजमार्गका विभिन्न स्थानमा सडक अवरुद्ध हुँदा करिब डेढ महिनापछि मात्र आवागमन पूर्ण रूपमा सञ्चालनमा आएको थियो । उक्त अवधिमा पर्यटकहरूको आगमन तथा आर्थिक कारोबारमा कमी आएको भए तापनि हाल परिस्थितिमा सुधार आएसँगै कम्पनीका आर्थिक गतिविधिहरू पुनः चलायमान हुन थालेका छन । यसका साथै, कम्पनीको आर्थिक गतिविधि थप विस्तार गर्ने उद्देश्यले रिसोर्टमा दशै विशेष अफर सञ्चालन गरी प्रचारप्रसार गर्नुका साथै छिमेकी मुलुक भारतसँग सीमा जोडिएका बजार क्षेत्रमा समेत प्रचारप्रसार तथा बजार प्रवर्द्धनका गतिविधिहरू सञ्चालन गरिँदै आएको छ ।

(ख) कम्पनीले आगामी दिनमा अझ परिस्कृत, गुणस्तरीय तथा प्रभावकारी सेवा प्रवाह गर्ने रणनीति अवलम्बन गरेको छ । यसका लागि आवश्यक प्रचारप्रसारका गतिविधिहरूलाई निरन्तरता दिँदै कम्पनीका सेवा, सुविधा तथा कार्यक्रमसम्बन्धी आवश्यक जानकारी समयानुकूल रूपमा सेवाग्राहीसमक्ष पुऱ्याइनेछ । साथै, ग्राहकको आवश्यकता र सन्तुष्टिलाई प्राथमिकतामा राखी सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्ने रणनीतिलाई निरन्तरता दिइनेछ ।

(ग) कम्पनीबाट उपलब्ध गराइने सम्पूर्ण पर्यटकीय सेवा तथा सुविधाको अधिकतम उपयोग सुनिश्चित गर्दै सञ्चालन खर्चमा मितव्ययिता अपनाउने र अनावश्यक खर्च कटौती गर्ने रणनीति अवलम्बन गरिनेछ । साथै, बजार व्यवस्थापन तथा प्रवर्द्धनका कार्यक्रमहरूलाई निरन्तरता दिई पर्यटक आगमन र व्यावसायिक कारोबार वृद्धि गर्ने, उपलब्ध स्रोतसाधनको प्रभावकारी उपयोग गर्ने तथा कम्पनीको आम्दानी र समग्र वित्तीय अवस्थालाई सुदृढ बनाउने कार्यमा जोड दिइनेछ । यसबाट कम्पनीको दीर्घकालीन व्यावसायिक स्थायित्व कायम गर्दै लगानीकर्ताहरूलाई सकारात्मक प्रतिफल प्रदान गर्ने लक्ष्य लिइएको छ ।

६. संस्थागत सुशासन :-

संस्थागत सुशासन अभिवृद्धिका लागि कम्पनीको सञ्चालक समिति र व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण देहाय बमोजिम उल्लेख गरिएको छ :

(क) कम्पनीमा प्रचलित कर्मचारी विनियमावली, आर्थिक नीति तथा अन्य नियम, विनियम, नीति, निर्देशिका र कार्यविधिहरूको पालना गर्दै आएको छ । साथै, आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति अन्तर्गत विभिन्न उपसमिति तथा विभागहरू गठन गरी आवश्यकताअनुसार अध्ययन, विश्लेषण, पुनरावलोकन तथा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्दै आएको छ ।

(ख) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनोट, लेखापरीक्षण कार्यको व्यवस्थापन तथा प्राप्त लेखापरीक्षण प्रतिवेदनको अध्ययन र समीक्षा गर्दै आएको छ । साथै, लेखापरीक्षणबाट प्राप्त सुझाव तथा निष्कर्षका आधारमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन व्यवस्थापनलाई आवश्यक निर्देशन दिने व्यवस्था रहेको छ ।

(ग) कम्पनीले नियमनकारी निकायबाट जारी गरिएका नियम, विनियम तथा निर्देशनहरूका साथै प्रचलित ऐन, कानून र सम्बन्धित मापदण्डहरूको पालना गर्दै आएको छ । कानुनी तथा नियामकीय दायित्वहरूको प्रभावकारी कार्यान्वयनमार्फत कम्पनीको कामकारबाहीलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउने कार्यलाई प्राथमिकता दिइएको छ ।

(घ) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गराउँदै आएको छ । आन्तरिक लेखापरीक्षणबाट प्राप्त प्रतिवेदन लेखापरीक्षण उपसमितिमार्फत सञ्चालक समितिसमक्ष समेत पेश गरी त्यसउपर विस्तृत छलफल गर्ने तथा आवश्यक सुधारात्मक कदमहरू अवलम्बन गर्ने अभ्यास रहेको छ । कम्पनी वित्तीय अनुशासन, आन्तरिक नियन्त्रण तथा संस्थागत सुशासनलाई थप सुदृढ बनाउन प्रतिबद्ध रहेको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा बध्यता/कार्यकारी प्रमुखको उद्घोषण :

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन ।

अनुसूची १

Chandragiri Hills Limited

Kathmandu, Nepal

STATEMENT OF UNAUDITED FINANCIAL RESULTS

As on Ashwin 31, 2083

Particulars	Upto This Quarter ending on Ashwin 31, 2083 BS (Oct 17, 2026 AD) Unaudited	Upto Previous ending on Ashad 32, 2083 BS (Jul 16, 2026 AD) Unaudited	Corresponding Previous Quarter ending on Ashwin 31, 2082 BS (Oct 17, 2025 AD) Audited
ASSET			
Non-Current Asset			
(a) Fixed Asset			
(i) Property, Plant and Equipment	3,019,055,780	3,045,131,030	2,869,095,571
(ii) Intangible Asset	2,650,698	2,880,074	4,296,040
(iii) Capital Work in Progress	267,975,677	208,568,297	80,245,309
(iv) Right of Use of Asset	37,091,687	37,548,779	39,147,768
(b) Long term Investment	333,200,000	325,700,000	325,700,000
Total of Non- Current Asset	**3,659,973,842**	**3,619,828,179**	**3,318,484,689**
Current Assets			
(a) Inventories	50,673,730	45,995,546	42,413,738
(b) Account Receivables	37,422,834	32,508,274	23,002,821
(c) Cash & Cash Equivalent	202,471,116	240,908,963	76,163,805
(d) Loans & Advances	159,155,197	160,229,889	263,299,530
(e) Other Current Assets	30,742,452	29,142,512	24,937,050
Total of Current Asset	**480,465,329**	**508,785,184**	**429,816,943**
Total Asset	**4,140,439,171**	**4,128,613,363**	**3,748,301,632**
EQUITY & LIABILITIES			
Equity, Reserve and Surplus			
(a) Share Capital	1,610,795,550	1,610,795,550	1,534,091,000
(b) Reserve and Surplus	119,395,042	95,038,328	104,372,298
Total Equity, Reserve and Surplus	1,730,190,592	1,705,833,878	1,638,463,298
Non- Current Liabilities			
(a)Borrowings	1,960,766,226	1,961,660,751	1,836,771,101
(b) Deferred Tax Liabilities	252,474,053	252,474,053	147,444,531
(c) Lease Liability	53,152,152	52,936,727	52,532,116
Total of Non-Current Liabilities	2,266,392,431	2,267,071,531	2,036,747,747
Current Liabilities			
(a) Duties & Taxes	9,790,125	20,428,507	960,404
(b) Account payable	39,779,924	52,231,315	31,149,967
(c) Other Current Liabilities	94,286,097	83,048,132	40,980,216
Total of Current Liabilities	**143,856,147**	**155,707,953**	**73,090,588**
Total Equity and Liabilities	**4,140,439,171**	**4,128,613,363**	**3,748,301,632**

Statement of Unaudited Profit & Loss for the period ended on Ashwin 31, 2083 (Oct 17,2026 AD)

Particulars	Upto This Quarter ending on Ashwin 31, 2083 BS (Oct 17, 2026 AD) Unaudited	Upto Previous ending on Ashad 32, 2083 BS (Jul 16, 2026 AD) Unaudited	Corresponding Previous Quarter ending on Ashwin 31, 2082 BS (Oct 17, 2025 AD) Audited
Revenue from Operation	190,609,600	777,544,221	138,707,763
Cost of sales	48,256,044	151,017,016	22,875,257
Gross Income	**142,353,555**	**626,527,205**	**115,832,506**
Other Income	3,740,370	28,666,219	10,288,867
Expenses			
Employee Benefits Expenses	50,717,481	187,866,926	41,791,932
Administrative and Other Expenses	10,299,554	89,621,137	33,396,166
Total Expenses	**61,017,036**	**277,488,063**	**75,188,098**
Profit Before Interest, Depreciation and Tax	**85,076,889**	**377,705,362**	**50,933,275**
Finance costs	30,460,434	121,061,170	34,122,520
Profit Before Depreciation and Tax	**54,616,455**	**256,644,192**	**16,810,754**
Depreciation and Amortization Expenses	26,304,626	122,553,096	29,242,483
Profit before extra ordinary items and taxes	**28,311,830**	**134,091,096**	**(12,431,728)**
Extra ordinary item			
Profit before taxes			
Tax Expenses			
Current Tax			
Deferred Tax (Income)/Expenses	-	51,601,236	-
Profit (Loss) for the period from continuing operations	**28,311,830**	**82,489,860**	**(12,431,728)**
Profit /(Loss) from dis-continuing operations			
Tax expenses of dis-continuing operations			
Profit (Loss) for the period from dis-continuing operations			
Profit/(Loss) for the period	**28,311,830**	**82,489,860**	**(12,431,728)**
Earning per equity share:			
Basic Earning per share	1.76	5.12	(0.81)
Diluted Earning per share	1.76	5.12	(0.81)

Chandragiri Hills Ltd.